जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८९ २०८१ साल असार ११ गते मंगलबार (25 June 2024 Tuesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एमसिसी कम्प्याक्ट कार्यान्वयनको.. ३ पृष्ठमा : विपद् व्यवस्थापनका लागि ... ३ पृष्ठमा रूसमा आतङ्कवादी आक्रमणमा ...

## शम्भुनाथको बजेट ७० करोड भन्दा बढी

### आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्न विशेष प्रकारको शम्भुनाथ मेला महोत्सवको आयोजना गरिने




**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको शम्भुनाथ नगरपालिकाले आगामी आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम सोमबार सार्वजनिक गरेको छ । नगरपालिकाको १४औं नगरसभाले नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

नगरसभामा कार्यवाहक नगरप्रमुख अनिता कुमारी चौधरीले आगामी आ.ब. २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरिन् ।

आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि ७० करोड ५९ लाख १६ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरिएको छ । नगरपालिकाको कुल बजेटको शसर्त अनुदान चालुतर्फ (संघ सरकार) २१ करोड ९२ लाख २९ हजार विनियोजन गरिएको छ ।

कूल बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ११ करोड ४१ लाख, राजस्व बाँडफाँडबाट १० करोड ८३ लाख रुपैया प्राप्त हुने बताइएको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ८२ लाख ८७ हजार, राजस्व बाँडफाँडबाट ५० लाख, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख प्राप्त हुने प्रस्तुत बजेटमा उल्लेख छ ।

वार्षिक नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्य, धार्मिक पर्यटन र सिचाई जस्ता क्षेत्रलाई प्राथमिकता दिइएको छ । प्रस्तुत नीति तथा कार्यक्रममा नगरपालिका भित्र रहेका सम्पूर्ण माध्यमिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठनलाई निरन्तरता दिनुका साथै दलित, विपन्न तथा सहिद परिवारका छात्रछात्राहरुलाई स्नातक तहमा अध्ययन गर्न छात्रबृत्तिको व्यवस्था मिलाउने भएको छ । त्यस्तै सामुदायिक विद्यालयमा बालबालिकाहरुलाई टिकाई राख्न संघीय सरकारबाट प्राप्त दिवा खाजामा स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोगमा ल्याउने, विद्यालयहरुमा स्थानीय भाषा तथा संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले आधारभुत तहमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउने उल्लेख छ ।

यसैगरि कृषकहरुले उत्पादन गरिने कृषिजन्य खाद्यान्न, उत्पादनमा अभिबृद्धि गरि कृषकहरुको आर्थिक विकासका लागि आगामी आ.ब. २०८१/८२ देखी कृषि मिटरको महसुल नगरपालिकाले नै भुक्तानी गर्ने व्यवस्था मिलाएको छ । त्यस्तै नगर क्षेत्र भित्र स्वास्थय सेवा घरदैलो अभियान अन्तरगत ७० वर्ष भन्दा माथीका बृद्धबृद्धा, दिर्घ रोगि तथा गर्भवति महिलाहरुका लागि मासिक रुपमा घरदैलो स्वास्थ्य जाँचको आवश्यक व्यवस्था मिलाउने, स्वास्थ्य संस्थाहरुमा ग्रामिण अल्ट्रासाउण्ड घुम्ती सेवा तथा ल्याब सेवा निरन्तरताको लागि आवश्यक बजेट व्यवस्था

*बाँकी तीन पृष्ठमा*

## तिलाठीको बजेट ४४ करोड भन्दा बढी

### बालविवाहलाई निरुत्साहन गर्न "बालिकासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन" हुने



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आगामी आर्थिक बर्ष २०८१/०८२ को लागि ४४ करोड ८७ लाख ८६ हजार रुपैयाँको अनुमानित बजेट प्रस्तुत गरेको छ ।

सोमबार सम्पन्न दशौं गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहले बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिन् । गाउँपालिकाको कुल बजेटको चालुतर्फ २९ करोड ८४ लाख ८६ हजार र पूँजिगततर्फ १५ करोड ३ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

कूल बजेटमा संघबाट प्राप्तहुने वित्तिय समानिकरणतर्फ ११ करोड २६ लाख र सशर्त अनुदानतर्फ १८ करोड ५४ लाख, राजस्व बाँडफाँडबाट ८ करोड ५७ लाख रुपैयाँ, विशेष अनुदानतर्फ २ करोड ५० लाख र समपुरक अनुदानतर्फ १ करोड रुपैयाँ प्राप्तहुने बताइएको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ८० लाख ८६ हजार, राजस्व बाँडफाँडबाट ४० लाख, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख प्राप्त प्रस्तुत बजेटमा उल्लेख छ ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, रोजगार क्षेत्र र विपद् ब्यवस्थापनलाई उच्चप्राथमिकतामा राखेर आगामी आर्थिक बर्षको बार्षिक वजेट, नीति तथा कार्यक्रम तय गरेको छ ।

बालविवाहलाई निरुत्साहन गर्न छोरा र छोरीको विवाहका लागि वडाबाट अनिवार्य रुपमा अनुमति लिने ब्यवस्था गर्ने, छोराछोरीको विवाह २० बर्ष पारी गर्न तथा बालविवाहलाई निरुत्साहन गर्न बालिकासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिने नीति ल्याइएको छ ।

यसैगरी विद्यालयहरुको भौतिक तथा शैक्षिक विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने, विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाइने, शिक्षकको पेसागत दक्षता विकासका लागि विभिन्न तालिम, भ्रमण तथा अवलोकनका कार्यक्रमहरु राखिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

जलवायु परिवर्तनलाई ध्यानमा राखी पालिकाभित्र निजी वन लगाउन प्रोत्साहन गर्ने उद्देश्यले निजीवन प्रबर्द्धन कार्यक्रम संचालन गरिने, विद्यालयहरुलाई विपद्को जोखिमबाट मुक्त राख्न वृहत विद्यालय सुरक्षा योजना निर्माणका लागि आवश्यक तालिम संचालन गरी सुरक्षा योजना निर्माण तथा कार्यान्वयन गरिने नीति लिएको छ ।

सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुको तथ्यांक अद्यावधिक गर्न राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य गरिनुका साथै बायोमेट्रिक प्रणालीलाई अनिवार्य गरिने, बैदेशिक रोजगारबाट फर्किएका ब्यक्तिहरुलाई लक्षित गरी व्यवसायिक खेती प्रबर्द्धनका लागि

*बाँकी तीन पृष्ठमा*

## समाजवादी र प्रेस स्वतन्त्रता विषयक अन्तरक्रिया सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

नेकपा एकिकृत समाजवादी पार्टीको महाधिवेशनलाई लक्षित गर्दै राजविराजमा समाजवाद र प्रेस स्वतन्त्रता विषयक अन्तक्रिया गरिएको छ ।

समाजवादी प्रेस संगठन नेपाल शाखा सप्तरीले सोमबार आयोजना गरेको कार्यक्रमा प्रमुख अतिथि नेपाल पत्रकार महासंघका पुर्वअध्यक्ष विष्णुकुमार मण्डले १६ औं शताब्दीमा आएको समाजवादको नारा अहिले २१ शताव्दीसम्म आएपनि त्यो नारामै सिमति भएको बताए ।

समाजवादको कुरा सबै दलले

*बाँकी दुई पृष्ठमा*

**बुद्धिलाल विद्या मुनर क्याम्पस**
**भगवतपुर बडहरी, शम्भुनाथ नपा ७, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०३/११**

**सूचना**

यस बुद्धिलाल विद्या मुनर क्याम्पस भगवतपुर बडहरी सप्तरीको लागि आ.ब. २०८१/८२ मा भवन निर्माणको लागि इन्जिनियरिङ सेवा (कन्सल्टेन्सी) को आवश्यकता भएकोले इच्छुक कन्सल्टेन्सीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र क्याम्पस समय बिहान ६:३० बजेदेखी ११:०० बजेसम्म क्याम्पसमा निवेदन दिन सूचित गरिन्छ ।

**संलग्न कागजात :**

१. कन्सल्टेन्सी दर्ताको प्रमाण पत्र
२. नवीकरण गरेको प्रमाण पत्र
३. अनुभवको प्रमाण पत्र
४. कर चुक्ताको प्रमाण पत्र

**क्याम्पस प्रमुख**
९८६२९३३७४७

## सम्पादकीय ....

### सामाजिक संजाललाई मनोरन्जन र ज्ञानवर्द्धकको रुपमा मात्र प्रयोग गरौं

सामाजिक संजालका कारण अहिले विश्वको सम्पूर्ण गतिविधी हामी नजिकैबाट निहाल्न सकेका छौं । यसको प्रयोगकर्ता अहिले निकै बढी छ । घर घरमा इन्टरनेट तथा प्रत्येक व्यक्तिको मोबाइल र त्यसमा उपलब्ध डाटाका कारण यसको प्रयोगकर्ता बढेको हो । तर यसको प्रयोग सावधानीपूवर्क नगर्दा मानिसहरु ठगिने क्रम पनि बढ्दै गएको छ ।

विभिन्न प्रलोभनमा परेर अहिले निकै मानिसहरु ठगिने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । इमो, वाट्सअफ, म्यासेन्जर लगायतमा चिठ्ठा तथा अन्य प्रलोभनको नाममा हामी ठगिदै गएका छौं । यसरी सामाजिक संजालबाट ठगिनेमा बढी महिलाहरु अग्रपन्थीमा छन् । कुनै कामै नगरिकन धनी बन्ने इच्छालाई छोडेर हामी आफ्नो कर्म गर्न तर्फ लाग्नु पर्छ । प्रलोभनमा पर्नु भन्दा राम्रो त्यस्तामा नलाग्नु नै राम्रो हुन्छ ।

तसर्थ सामाजिक संजाललाई मात्र मनोरन्ज र ज्ञानवर्द्धकको रुपमा लिनुपर्छ । ज्ञानवर्द्धक सन्देशबाट हाम्रो दैनिकी जिवनलाई सकारात्मक बाटोतर्फ डोऱ्याउछ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एमसिसी कम्प्याक्ट कार्यान्वयनको पहिलो वर्ष ७० प्रतिशत बजेट समर्पण

**हेमन्त जोशी**

काठमाडौँ, १० असार (रासस) ।

मिलेनियम च्यालेञ्ज कर्पोरेसनअन्तर्गतका परियोजना कार्यान्वयनसम्बन्धी सम्झौता ( एमसिसी कम्प्याक्ट) लागू भएको पहिलो वर्षको बजेट खर्च निकै कम देखिएको छ । मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति ( एमसिए-नेपाल)ले चालु आर्थिक वर्षका लागि पाएको कूल बजेटको करिब ३० प्रतिशत मात्रै खर्च गरेपछि बाँकी ७० प्रतिशत बजेट समर्पण ( सरेन्डर) गरेको हो ।

एमसिए नेपालअन्तर्गतका परियोजनामा खर्च गर्ने गरी चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले रु १० अर्ब ८४ करोड १७ लाख बजेट विनियोजन गरेको थियो । चालु आवका लागि छुट्याइएको उक्त बजेटमध्ये खर्च हुन नसकेको रु सात अर्ब ६० करोड ७० लाख बजेट सरेन्डर गरिएको एमसिए नेपालका प्रवक्ता पुष्कर माथेमाले रासससलाई जानकारी दिनुभयो ।

विद्युत् प्रसारणलाइन निर्माणका लागि चाहिने जग्गाको मुआब्जा वितरण र अधिग्रहणको काम सुस्त देखिएपछि लक्ष्यअनुसार बजेट खर्च हुन नसकेको उहाँले बताउनुभयो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्थाअनुसार कुनै योजना तथा कार्यक्रममा विनियोजित बजेट खर्च गर्न नसक्ने अवस्थामा समर्पण गर्नुपर्ने प्रावधान रहेको छ ।

एमसिसी कम्प्याक्ट विसं २०८० भदौ १३ गतेदेखि पूर्णरूपमा लागू हुने (इन्ट्री इन टू फोर्स-इआइएफ) चरणमा गएको थियो । परियोजना निर्माण सम्पन्न गरिसक्नुपर्ने पाँच वर्षको अवधि गणना सुरु भएको करिब एक वर्ष पुग्न लाग्दा आयोजनाको प्रारम्भिक चरणका कामसमेत टुङ्गिन सकेका छैनन् । यसअघि परियोजनाको पूर्वतयारीका काम नसकीकनै इआइएफ घोषणा भएको भन्दै आलोचना भएको थियो । एमसिए नेपालले जग्गा मुआब्जा वितरण तथा अधिग्रहणका काम र ठेक्का प्रक्रियासँगसँगै अघि बढाउन सकिने भन्दै इआइएफ घोषणा गरेको जनाएको थियो ।

परियोजना लागू गर्नका लागि पूरा हुनुपर्ने भनी एमसिसी कम्प्याक्टमा तोकिएका सर्तहरूमध्ये जग्गाको अधिग्रहण पनि एउटा मुख्य सर्त थियो । उक्त सर्त अझै पूरा हुन सकेको छैन । प्रसारणलाइन र सडक विस्तार आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा वितरण तथा प्राप्ति, वन क्षेत्रभित्रको जग्गा प्रयोग अधिकार सुनिश्चितता र परियोजना बन्ने क्षेत्रसम्मको पहुँचको पूर्वसर्त पूरा हुनसकेका छैनन् । उल्लेखित सर्तका विषय पूरा हुने आधार देखिएको भन्दै एमसिए-नेपालले इआइएफ तोकेको थियो ।

एमसिए-नेपालअन्तर्गत बनाउने भनिएका विद्युत् प्रसारणलाइन र सडक निर्माण दुवै तर्फको काम सुस्त छ । जग्गा अधिग्रहण र प्राप्तिको काम अझै टुङ्गिन सकेको छैन । प्रसारणलाइन निर्माणका तीन चरणमध्ये एउटामा जग्गा अधिग्रहणबिना नै बोलपत्र मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन लागिएको छभने बाँकी दुई चरणमा बोलपत्र आह्वान नै हुन सकेको छैन ।

एमसिए नेपालले विद्युत् प्रसारणलाइन आयोजनाअन्तर्गत तीनवटा सबस्टेसन र काठमाडौँको लप्सीफेदीबाट नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमासम्म तीन सय १५ किलोमिटर चार सय केभी प्रसारण लाइन निर्माण गर्ने तय भएको छ । उक्त प्रसारण लाइनअन्तर्गत न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्म १८ किमी प्रसारण लाइन खण्डको ठेक्का प्रक्रिया अघि बढेर मूल्याङ्कनको चरणमा पुगिसकेको छ तर त्यो क्षेत्रको जग्गा मुआब्जा बाँड्ने र अधिग्रहण गर्ने काम निकै सुस्त छ ।

सन् २०२४ मार्च १५ मा पहिलो सूचना प्रकाशित भएर अघि बढेको खरिद प्रक्रियाको प्रस्ताव पेस गर्ने मिति सन् २०२४ मे २७ मा सकिसकेको छ । उक्त प्रसारण लाइन निर्माणका लागि प्राप्त बोलपत्रहरूको मूल्याङ्कन भइरहेको र आगामी साउनभित्रै निर्माण सम्झौता गर्ने तयारी भइरहेको एमसिए नेपालको भनाइ छ । आगामी साउनभित्र जग्गा मुआब्जाको काम सकिसक्ने अवस्था नदेखिएको नवलपरासी ( बर्दाघाट सुस्ता पश्चिम) का प्रमुख जिल्ला अधिकारी एवम् आयोजनाको जग्गा अधिग्रहण तथा मुआब्जा क्षतिपूर्ति निर्धारण समितिका संयोजक स्किम श्रेष्ठले बताउनुभयो ।

"मुआब्जा निर्धारणका लागि प्राविधिक अध्ययन र मूल्याङ्कनको काम भइरहेको छ । यसमा धेरैवटा विषय जोडिएकाले कहिलेसम्ममा काम सकिन्छ भनेर यकिन भन्न सकिँदैन । त्यस्तो निश्चित समयसीमा पनि तोकिएको छैन । हामी यथाशीघ्र काम सक्ने गरी अगाडि बढेका छौँ", उहाँले भन्नुभयो ।

आयोजनाअन्तर्गतको बाँकी दुई सय ९७ किलोमिटर प्रसारण लाइन निर्माणमा रद्द भएको ठेक्का प्रक्रिया अब कहिले सुरु हुन्छ भन्ने यकिन छैन । एमसिए-नेपालले २०८० असोज २६ गते एक सूचना जारी गर्दै विद्युत् प्रसारण लाइन निर्माणसँग सम्बन्धित सबै ठेक्का रद्द भएको जनाएको थियो । चरण-१ को लप्सीफेदी-रातामाटे-न्यू हेटौँडा, दोस्रो चरणको रातामाटे-न्यू दमौली, र तेस्रो चरणको न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्मको प्रसारण लाइन निर्माण गर्न आह्वान गरिएको ठेक्का रद्द भएको उल्लेख थियो । जसमध्ये चरण-३ को मात्रै पुनः बोलपत्र आह्वान भएको छ ।

सुरुआती लागत अनुमानभन्दा बढी रकमको ठेक्का प्रस्ताव भएपछि ती ठेक्का प्रक्रिया रद्द भएको एमसिए नेपालले तर्क गरेको थियो । पुनः खरिद प्रक्रिया अघि बढाउन आयोजनाको 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानमा संशोधन गर्न लागिएको एमसिए नेपालका प्रवक्ता माथेमाले बताउनुभयो । उहाँका अनुसार बोलपत्रसम्बन्धी कागजातहरू पुनः तयार गर्नु तथा त्यसलाई पुनः प्रकाशन गर्नु प्राविधिक प्रक्रिया भएकाले समय लागेको हो ।

अघिल्लो पटक प्राप्त बोलपत्रहरूको मूल्य बढी हुनाका प्रमुख कारण पहिचान गर्न र त्यसलाई सम्बोधन गर्न 'डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानलाई समीक्षा गर्ने जिम्मेवारी एमसिए नेपालले आफ्नो सुपरीवेक्षण इञ्जिनियरिङ फर्मलाई दिएको थियो । सोही कारणले हालसम्म बोलपत्र पुनः आह्वान गर्ने र करार गर्ने प्रक्रिया सुरु हुन सकेको छैन ।

यसैबीचमा, एमसिए नेपालले नुवाकोटको बेलकोटगढी नगरपालिका-७ रातमाटेमा चार सय केभी सबस्टेसन निर्माण गर्न यही असार १ गते भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडसँग सम्झौता गरेको छ । उक्त चार सय केभी ग्यास इन्सुलेटेड स्विचगियर (जिआइएस) सबस्टेसनको ३९ महिनाभित्र निर्माण गरिनेछ । पाँच करोड १६ लाख अमेरिकी डलरमा निर्माण गरिने नयाँ रातमाटे सबस्टेसनले लप्सीफेदी र नयाँ हेटौँडा सबस्टेसनहरूबीच विद्युत् प्रसारणका लागि महत्वपूर्ण भूमिका खेल्ने जनाइएको छ ।

एमसिए-नेपालअन्तर्गत निर्माण गर्ने भनिएको विद्युत् प्रसारण लाइन र सबस्टेसनका लागि एक हजार चार सय ७१ हेक्टर जमिन आवश्यक पर्ने जनाइएको छ । जसमध्ये रातमाटेमा २० दशमलव २७ हेक्टर क्षेत्रफल जग्गा अधिग्रहणका लागि रु एक अर्ब ४६ करोड ८४ लाख ६८ हजार चार सय ९७ बराबरको मुआब्जा वितरण गरिएको छ । न्यून दमौली सबस्टेसन र न्यू बुटवल सबस्टेसनका लागि नेपाल विद्युत् प्राधिकरणले जग्गा उपलब्ध गराउने एमसिए नेपालले जनाएको छ ।

प्रसारण लाइन टावरको जग निर्माण गर्न १० जिल्लामा एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ । जग्गा प्राप्तिको काम अहिले प्रक्रियामा रहेको एमसिए नेपालले जनाएको छ । काठमाडौँबाहेक अन्य नौ जिल्लामा प्रसारण लाइन टावरको जग निर्माण गर्न आवश्यक जग्गा प्राप्ति गर्ने कार्यमा उल्लेख्य प्रगति हासिल भएको एमसिए नेपालका प्रवक्ता पुष्कर माथेमाले बताउनुभयो । नौ जिल्लामा प्राप्ति गरिने जग्गा कित्ताको तीनपुस्ते विवरणसहितको सूचना प्रकाशन भइसकेको छ ।

अहिले मुल्याङ्कन सिफारिस उप-समितिले स्थलगत रूपमा जग्गाका कित्ताहरूको मूल्याङ्कनसम्बन्धी कार्य र मुआब्जा निर्धारणका लागि प्राविधिक प्रतिवेदन तयारीसम्बन्धी काम गरिरहेका छन् । त्यस्तै, भोगाधिकारका लागि आवश्यक जग्गासम्बन्धी विवरण सङ्कलनको काम जारी रहेको जनाइएको छ ।

एमसिए नेपालले चालु आवका लागि पाएको कूल रु १० अर्ब ८४ करोड १७ लाख बजेटमध्ये विद्युत् प्रसारण आयोजनातर्फ रु आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ रु एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्याङ्कनतर्फ रु २१ लाख ९३ हजार र कार्यक्रम प्रशासनतर्फ रु ५५ करोड ५४ लाख ८८ हजार विनियोजन भएको थियो ।

एमसिए नेपालले आगामी आर्थिक वर्षका लागि रु १३ अर्ब ३६ करोड बराबर बजेट पाएको छ । जसमध्ये चालुतर्फ रु एक अर्ब २३ करोड ८५ लाख र पुँजीगततर्फ रु १२ अर्ब १२ करोड १५ लाख बराबर विनियोजन भएको छ । आगामी आवका लागि एमसिसीको स्रोतबाट रु नौ अर्ब ९० करोड ८२ लाख र नेपाल सरकारको स्रोतबाट रु तीन अर्ब ४५ करोड १८ लाख बराबर बजेट विनियोजन भएको एमसिए नेपालले जनाएको छ ।

### समाजवादी र प्रेस ...

गर्ने गरेको तर, व्यवहारमा कुनै पनि दलले समाजवादको सिद्धान्तलाई अंगिकार गर्न नसेकोप्रति टिप्पणी गर्दै उनले भने, '१६ औं शताब्दी अहिलेसम्म समाजवादलाई डेन्टिङ्ग पेन्टिङ्ग गर्ने काम मात्र भएको छ ।'

कार्यक्रममा नेकपा एकिकृत समाजवादी पार्टीका स्कूल विभाग प्रमुख आशिष घिमिरेले समाजवाद र प्रेस स्वतन्त्रता बारे मौखिक रुपमा कार्यपत्र प्रस्तुत गर्दै गर्दै पत्रकारिता माथि विभिन्न नाममा अंकुश लगाउने काम भईरहेको उल्लेख गरे । उनले विभिन्न मिडिया हाउसका मालिकहरुले श्रमजिवी पत्रकारको तलब रोकेर घर जग्गा खरिदमा लगाउने गरेको आरोप समेत लगाए ।

घिमिरेको कार्यपत्रमा टिप्पणी गर्दै प्रेस मञ्चका महासचिव अवधेश कुमार झाले भस्लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेका पत्रकारहरुलाई राजनैतिक नेतृत्वले पाखा लगाएको बताए ।

उनले जनआन्दोलनलाई सफल बनाउन अनेक पीडा भोगेका पत्रकारहरुलाई अहिले पनि समाचारका कारण धम्की तनाव खेप्नु परेको प्रति दलहरु उदासिन रहेको उनको भनाई थियो ।

अन्तरक्रियाको उद्देश्य बारे जानकारी गराउँदै पार्टीका प्रचार विभाग सचिव प्रकाश खतिवडाले यस कार्यक्रमबाट आएका टिप्पणी र विचारलाई महाधिवेशमा लगेर पारित गराउने जानकारी दिए । समाजवाद र प्रेस स्वतन्त्रताको सबालमा महाधिवेशन छलफल गरी दस्तावेजमा उल्लेख गरेर अगाडी बढ्ने आश्वासन दिए ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले यहाँका राजनीतिक दलहरुले समाजवादको नाममा खसीको टाउको देखाएर कुकुरको मासु बेचे जस्तै गरेको टिप्पणी गरे । उनले अहिले लोक कल्याणकारी विज्ञापन रोकेर स्वरोजगारमूलक मिडियालाई समाप्त पार्न खोजेको तर कुनैपनि दलले त्यस विषयमा अवाज नउठाउनु दुःखद भएको बताए ।

प्रेस युनियनका अध्यक्ष विनय कुमार लाल कुमार लाल कर्णले नेपालमा समाजवाद ल्याउने विपी कोईरालाले २०१२ सालमा विरगन्जमा भएको नेपाली काँग्रेसको आधिकारिक दस्तावेदमै उल्लेख गरेको बताउँदै २०१७ सालमा महेन्द्रको कु पछि विपीको समाजवादी सिद्धान्त नै अलपत्र भएको बताए । उनले अहिले राप्रपा बाहेका सबैदलको विधानमा समाजवाद उल्लेख भएको तर कसैले पनि त्यसलाई कार्यान्वयन नगरेको तर्क गरे ।

राजनीतिक दलहरु सिंहासनमा पुगेपछि पुर्ण प्रेस स्वतन्त्रता र श्रमजिवी पत्रकारलाई विर्सेको उल्लेख गर्दै प्रेस स्वतन्त्रता पत्रकारको अनुकूलको नभएको बताए । 'विभिन्न मंचबाट दलका नेताहरुले प्रेस स्वतन्त्रताको कुरा गर्ने तर, सत्तामा पुगेपछि अंकुश लगाउने काम गर्दे आएको छ' कर्णले भने ।

समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेलको अध्यक्षताम आयोजित कार्यक्रमा प्रेस स्वतन्त्रता सेनानी सम्मान पाएका प्रकाश खतिवडा र देवराम यादवलाई सम्मान गरिएको छ भने नेकपा एसका केन्द्रिय सदस्य उषा पोखरेल र प्रेस सेन्टर नेपालका अध्यक्ष दिनानाथ यादव लगायतकाले मन्तब्य राखेका थिए ।

# विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरी देशभर तैनाथ

काठमाडौं, १० असार (रासस)।

यसवर्षको मनसुन प्रतिकार्यका लागि सशस्त्र प्रहरीको टोली स्रोतसाधनसहित देशभर तयारी अवस्थामा छन्। सशस्त्र प्रहरी बल नेपालले सबै कार्यालयमा बाढीपहिरो, डुवान एवं विपद्मा परेका बेला तत्काल उद्धारका लागि मनसुन प्रतिकार्य टोली तयार पारी परिचालन गरिएको जानकारी दिएको छ।

स्रोतसाधनसहित तैनाथ जनशक्तिले बाढीपहिरो र डुबानका सम्भावित इलाकामा 'हजार्ड म्यापिङ' गरी ती स्थानमा लामो र छोटो गस्ती गर्नुकासाथै देशभरका कार्यालयमा विपद् 'फोकल पर्सन' तोकेको छ। फोकल पर्सनले आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइएको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक कुमार न्यौपाने जानकारी दिनुभयो।

राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपतकालीन सञ्चालन केन्द्रमा तालिम प्राप्त सशस्त्र प्रहरी कर्मचारी खटाइएको छ। त्यहाँ खटिएका प्रहरीले आवश्यक समन्वय गर्नुका साथै विपद्मा परेकाको तत्कालै उद्धारका लागि ३९ जिल्लाको ५९ वटा सशस्त्र प्रहरीको कार्यालयमा एक सय २० वटा मोटरबोट तथा ऱ्याफ्टबोट तयारी अवस्थामा राखिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार ९१ गोताखोरलाई आवश्यक उपकरणसहित सात वटै प्रदेशस्थित बाहिनी मुख्यालय तथा सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार, उपत्यकास्थित नं २० विपद् उद्धार गण सिनामङ्गल, नं २४ कालिका गण कास्की, सिन्धुलीको खुर्कोट बेसमा तैनाथ गरिएको छ।

विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिसहित धनकुटाको मूलघाट, बाराको निजगढ, धादिङको आदमघाट, सिन्धुलीको खुर्कोट, मकवानपुरको कुलेखानी, म्याग्दीको नारच्याङ, दाङको भालुवाङ, सुर्खेतको चिप्ले र डडेलधुराको अमरगढीमा गरी नौ वटा विपद् व्यवस्थापन बेस स्थापना गरिएको छ।

तालिम प्राप्त जनशक्तिलाई सातै प्रदेशस्थित बाहिनी मुख्यालय, उपत्यकास्थित नं ९ पशुपतिनाथ बाहिनी मुख्यालय, १० वटा शिक्षालय, सबै गणमा एक/एक प्लाटुन र गुल्म वा सो भन्दा साना युनिटमा एक सेक्सनको दरले आवश्यक स्रोतसाधनसहित तैनाथ गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा सशस्त्र प्रहरी बल नेपाललाई हस्तान्तरण गरिएका आठ वटा 'मासक्याजुल्टी भेहिकल' र आठ वटा ए क्लासका एम्बुलेन्सलाई परिचालन गर्न सक्ने गरी सुनसरी, महोत्तरी, कुरिनटार, पोखरा, रुपन्देही, सुर्खेत, कैलाली र काठमाडौंमा तयारी अवस्थामा राखिएको छ।

विपद्को समयमा शुद्ध पिउने पानीको अभावलाई पूर्ति गर्न अमेरिकी दूतावासद्वारा निर्मित डिप ट्युवेल काठमाडौंको सात स्थानसहित कास्की, नवलपरासी, बाँके, कैलालीमा तयारी अवस्थामा राखिएका छन्। अमेरिकी दूतावासबाट प्राप्त 'डिजास्टर रिलिफ सिष्टम'का २८ वटा कन्टेनर १३ जिल्लाका १५ वटा सशस्त्र प्रहरी बल कार्यालयमा तयारी अवस्थामा राखिएको जनाइएको छ।

सशस्त्र प्रहरी बलका कार्यालयमा २४सैं घण्टा तैनाथ रहने गरी आवश्यक तयारी गरिएको छ। सशस्त्र प्रहरी बल नेपालका एकाईहरूबाट विपद् प्रतिकार्यका लागि मनसुन अवधिभर कार्य गर्ने गरी ५० वटा टोली विभिन्न स्थानमा परिचालन गरिसकिएको छ। प्रदेशस्थित सात वटै बाहिनी मुख्यालयमा विपद् व्यवस्थापन टोली तयारी अवस्थामा रहेका छन्।

देशभर रहेका सशस्त्र प्रहरी बलका एकाइमा विपद् प्रतिकार्यमा परिचालन गराउन निश्चित जनशक्ति आवश्यक उपकरणसहित तयारी अवस्थामा राखिएका छन्। जस अनुरुप एक पटकमा २४सैं घण्टा रहने गरी पाँच सय ४६ एकाईहरूमा सात हजार चार सय ५५ जनाको जनशक्ति तयारी रहेको सशस्त्र प्रहरीले जानकारी दिएको छ।

### *तिलाठीको बजेट ...*

आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने नीति लिइएको गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहले बताइन्।

यसैगरी व्यवसायिक रुपमा पशुपालन व्यवसाय गर्ने कृषकलाई सहकारी संस्थामार्फत ५० प्रतिशत निर्व्याजी ऋण उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने, कृषिलाई आधुनिकीकरण गरी व्यवसायिक बनाउन कृषि मेसिनरी औजारको लागि आवश्यक बजेट विनियोजन गरिने नीति रहेको उपाध्यक्ष साहले बताइन्।

तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षतामा आयोजित गाउँसभामा वडा अध्यक्षहरु कमलकुमार मण्डल, मुनिलाल मुखिया, ललन प्रसाद राउत र हरिनारायण मण्डलसहितकाले शुभकामना मन्तव्य व्यक्त गरे। तिलाठी कोईलाडी गाउँपालिकाका प्रमुखप्रशासकीय अधिकृत सरोज कुमार कर्णले स्वागत गरेको कार्यक्रममा अधिकृत राजुकुमार झाले धन्यवाद ज्ञापन गरे भने कार्यक्रम अधिकृत राजेश कुमार झाले कार्यक्रम सञ्चालन गरेका थिए।

### *शम्भुनाथको बजेट ...*

गर्ने उल्लेख छ।

त्यस्तै शम्भुनाथ मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरि आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्न मन्दिरको गुरु योजना अनुसार विकास कार्यको लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने, नगर क्षेत्र भित्र रहेका ऐलानी दह, ताल, पोखरीहरुको संरक्षण सम्बर्द्धन गरी जिर्ण पोखरीहरुलाई जिर्णोधारको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने, शम्भुनाथ मन्दिर परिसरमा लाग्दै आएको एक महिने शम्भुनाथ (सिरुवा) मेलालाई अझ बढी व्यवस्थित, मर्यादित बनाई देश तथा विदेशका पर्यटकहरु भित्र्याउन आगामी वर्ष विशेष प्रकारको मेला महोत्सवको रुपमा संचालन गरिने जनाइएको छ।

कार्यवाहक नगरप्रमुख चौधरीकै अध्यक्षतामा आयोजित नगरसभामा प्रमुख प्रशासकीय अधिकृत बिनय सोनु, विभिन्न वडाका अध्यक्ष तथा सदस्यहरु, कर्मचारी, स्थानीयवासी लगायतको सहभागिता रहेको थियो।


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ। हिमालय पर्वत शृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत शृङ्खला रहेको क्षेत्र हो। तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोबास, वन अतिक्रमण, वन ढढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो। चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो। चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ। चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं।

## डिभिजन वन कार्यालय

राजविराज, सप्तरी


# विश्व समाचार

## रूसमा आतङ्कवादी आक्रमणमा १५ प्रहरी अधिकृतको मृत्यु

मस्को, १० असार (रासस/सिन्ह्वा)।

दक्षिणी रूसको दागेस्तान गणतन्त्रमा श्रृङ्खलाबद्ध आक्रमणमा कम्तीमा १५ जना प्रहरी अधिकारीको मृत्यु भएको आरआइए नोभोस्तीले स्थानीय अधिकारीलाई उद्धृत गर्दै सोमबार जानकारी गराएको छ।

दुई अर्थोडक्स चर्च, धार्मिक सभाघर र तटीय शहर डर्बेन्ट र दागेस्तानको राजधानी मखचकलाको ट्राफिक प्रहरी चौकीमा भएको सशस्त्र झडपमा मानवीय क्षति भएको हो।दागेस्तान गणतन्त्रका प्रमुख सर्गेई मेलिकोभले स्थिति नियन्त्रणमा आइसकेको बताउनुभएको छ। उहाँका अनुसार डर्बेन्टस्थित सभाघरमा आक्रमणको क्रममा लगाइएको आगो पूर्ण रूपमा निभाइएको छ।

सशस्त्र आक्रमणमा संलग्न छ जना सशस्त्र व्यक्ति मारिएको मेलिकोभले सामाजिक सञ्जालमार्फत जारी एक विज्ञप्तिमा उल्लेख छ। 'आतङ्कवादी' आक्रमणमा संलग्न समूहलाई पक्राउ गर्न कानून प्रवर्तन अधिकारीलाई खटाइसकिएको उहाँले बताउनुभयो। उत्तरी ककेशियन क्षेत्रमा अवस्थित दागेस्तान देशको सबैभन्दा भाषिक र जातीय विविधताभएको क्षेत्रमध्ये एक हो।आक्रमणपछि रूसको यहुदी समुदाय महासङ्घका अध्यक्ष अलेक्ज्यान्डर बोरोडाले दागेस्तानमा भएको आक्रमणपछि आउनसक्ने सम्भावित परिस्थितिलाई मध्यनजर गर्दै कुनै पनि उक्साहटमा नलाग्न स्थानीयलाई आग्रह गर्नुभएको छ।

स्थानीय अधिकारीका अनुसार मखचकला र डरबेन्टमा हुने सबै मनोरञ्जन कार्यक्रमहरू अर्को सूचना नहुँदासम्मका लागि रद्द गरिएको छ।सरकारी तथ्याङ्क अनुसार मार्च २२ मा मस्कोको क्रोकस सिटी हल कन्सर्ट स्थलमा भएको आतङ्कवादी आक्रमण र आगजनीमा कम्तिमा १४४ जनाको मृत्यु हुनुका साथै ५५१ जना घाइते भएका थिए।

## हज यात्रामा एकहजार ३०० भन्दा बढीको मृत्यु : साउदी अरब

रियाद, साउदी अरब, १० असार (रासस/एएनआई)।

साउदी अरबले हज तीर्थयात्राको क्रममा एक हजार ३०१ जनाको मृत्यु भएको आइतबार जनाएको छ। गर्मीको तनाव र अनधिकृत यात्राका कारण पाँचमध्ये चार जनाको मृत्यु भएको साउदी अधिकारीलाई उद्धृत गरी समाचारमा जनाएको छ।

साउदी सरकारले 'साउदी अरबको स्वास्थ्य सेवा तथा सुविधाले यस वर्ष गर्मीको कारण बिरामी परेका धेरै मामिलालाई सम्बोधन गरेको तथा केही व्यक्तिहरू अझै पनि हेरचाहमा रहेको जनाउँदै दुर्भाग्यवस, मृतकको सङ्ख्या एक हजार ३०१ पुगेको जनाएको छ। मृत्यु हुनेमध्ये ८३ प्रतिशत 'अनधिकृत रुपमा' हज गर्न गएका थिए। उनीहरूमध्ये धेरैले पर्याप्त आश्रय वा आराम बिना, सूर्यको तातो प्रकाशमा लामो दूरी पैदल हिँडेको साउदी अरबका सरकारी अधिकारीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

विज्ञप्ति अनुसार मृतकमध्ये 'धेरै वृद्ध र दीर्घ बिरामी व्यक्ति' रेहेका छन् भन सबै मृतकको परिवार पहिचान गरिएको छ। यस वर्षको हज तीर्थयात्राका क्रममा सयौंको मृत्यु र घाइते हुनुको मुख्य कारण चरम गर्मी रहेको उल्लेख गरिएको छ। सोमबार मक्काको तापक्रम रेकर्ड १२५ डिग्री फरेनहाइट पुगेको थियो। अनौपचारिक तीर्थयात्रीको सङ्ख्याले समस्या बढाएको अधिकारीले बताएका छन्। साउदी अरबले प्रत्येक तीर्थयात्रीलाई हजका लागि पवित्र शहर मक्कामा कानुनी रूपमा पहुँच विस्तार गर्न १८ लाख व्यक्तिलाई मात्र यात्राका लागि अनुमति दिएको थियो। यसैबीच, तीर्थयात्रीले यस वर्षको हज तीर्थयात्राको लागि कमजोर पूर्वाधार व्यवस्थापन भएको भनी साउदी अधिकारीको आलोचना गरेका छन्। आधिकारिक भ्रमणमा रहेका तीर्थयात्रीले पनि आफ्नो दिनको ठूलो हिस्सा भीषण गर्मीमा बाहिर हिँडेर बिताएको बताए।

सिएनएनसँग कुरा गर्दै, केही प्रत्यक्षदर्शीले उनीहरूले उपासकहरूलाई बेहोस भएको र सेतो कपडाले ढाकिएको देखेको बताएका छन्।सरकारलाई आफ्नो राष्ट्रको कोटाको हिस्साको रूपमा मक्कामा दर्ता भएका र भ्रमण गरेका तीर्थयात्रीहरूको बारेमा मात्र थाहा भएकाले यस वर्षको हजमा मृत्युको कुल सङ्ख्या अझै बढ्न सक्ने आशङ्का गरिएको छ।

## बर्ड फ्लु रोकथामका लागि श्रीलङ्का प्रतिबद्ध

कोलम्बो, १० असार (रासस/सिन्ह्वा)।

श्रीलङ्काको पशु उत्पादन तथा स्वास्थ्य विभाग (डीएपीएच) का अधिकारीले बर्डफ्लुको सङ्क्रमण देखिएका देशबाट जनावर तथा पशुजन्य उत्पादनको आयात रोक्न कदम चालेको बताउनुभएको छ। विभागका महानिर्देशक हेमाली कोथलावालाले संयुक्त राज्य अमेरिकाबाट आएका गाईवस्तु पहिलो पटक एभियन इन्फ्लुएन्जा भाइरसबाट प्रभावित भएको पत्रकारलाई बताउँदै यसलाई रोक्न छिट्टै पहल गरिने उहाँले बताउनुभयो।

श्रीलङ्काका अधिकारीहरू विदेशको घटनाक्रमबारे जानकार रहेको यहाँको कृषि उद्योग र उपभोक्ताको सुरक्षाका लागि कदम चालेकाले आइतबारदेखि प्रभावित मुलुकबाट आयातमा प्रतिबन्ध लगाउने निर्णय गरेको उहाँले बताउनुभयो। श्रीलङ्काले विगतका वर्षमा मानिसमा एच ९ एच ७ र एच ५ बर्ड फ्लुका बिरामी पत्ता लगाउने क्षमता विकास गरेको छ।

# भदौ मसान्तसम्म राष्ट्रिय परिचयपत्र बनाए साउनदेखिकै भत्ता पाइने

काठमाडौँ, १० असार (रासस)।

सरकारले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएका २८ जिल्लामा आगामी भदौ मसान्तसम्म परिचयपत्र नम्बर प्राप्त गरी लाभग्राही परिचयपत्र नवीकरण गरेमा साउन १ गतेदेखिकै भत्ता उपलब्ध गराउने भएको छ।

गृह मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने व्यक्ति, अशक्त, असहाय र ९० वर्ष माथिका ज्येष्ठ नागरिकलाई भत्ता प्राप्त गर्न राष्ट्रिय परिचय नम्बर आवश्यक नपर्ने भएकाले आफूलाई अनुकूल समयमा सेवा लिनसमेत अनुरोध गरेको छ। सरकारले आगामी साउन १ गतेदेखि झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, बारा, पर्सा, रौटहट, सर्लाही, काठमाडौँ, भक्तपुर, ललितपुर, सिन्धुली, मकवानपुर, चितवन, कास्की, तनहुँ, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, सुर्खेत, कैलली र कञ्चनपुर जिल्लाका लाभग्राहीलाई भत्ता बुझ्न राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेको थियो।

उक्त निर्णयपश्चात जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराउने सेवाग्राहीको घुइँचो लाग्ने गरेको छ। जेष्ठ नागरिक तथा अशक्त व्यक्तिलाई सेवा लिन असहज भएको जनगुनासो व्यापकरूपमा सुनिएसँगै उक्त व्यवस्था मिलाइएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। ज्येष्ठ नागरिक र अशक्तलाई लक्षित गरेर सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सकभर वडास्तरमा नै विवरण सङ्कलनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी परिचयपत्रको दर्ता प्रक्रियामा आवश्यक सहजीकरण गरिदिन सबै स्थानीय तहलाई अनुरोधसमेत गरेको छ।

सेवाग्राहीलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले पहिलो चरणमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएका २८ जिल्लामा चार सय ३८ विवरण दर्ता अपेरटर खटाइएको मन्त्रायले जनाएको छ। सेवाग्राहीको चापका आधारमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा पायक पर्ने उपयुक्त स्थानमा विवरण दर्ता स्टेशन सञ्चालनको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गरिएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालयहरूमा सेवा लिन आउने सेवाग्राहीलाई अशक्तको हकमा तत्काल र अन्यको हकमा पहिले आउनेले पहिला पालो पाउने व्यवस्था मिलाउनसमेत सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरिएको मन्त्रालयले जनाएको छ।

# निलम्बित मुख्यसचिव अर्याल योजना आयोगमा सरुवा

काठमाडौँ, १० असार (रासस)।

नेपाल सरकारका निलम्बित मुख्यसचिव डा वैकुण्ठ अर्याललाई राष्ट्रिय योजना आयोगमा सरुवा गरिएको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उहाँविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायरपछि निलम्बित मुख्यसचिव डा अर्याललाई हाललाई राष्ट्रिय योजना आयोगमा राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्यसचिव सरहको विशेष पद सृजना गरी सरुवा गरिएको हो।

डा अर्यालविरुद्ध विशेष अदालतमा आइतबार मुद्दा दायर गरिएको थियो। सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो। डा अर्यालविरुद्ध मुद्दा दायर भएकाले प्रचलित कानुनबमोजिम निज स्वतः निलम्बन हुनुभएको हो।

मन्त्री शर्माले कसैका विरुद्ध मुद्दा दायर हुँदैमा पद वा जागिरबाट हट्न नपर्ने भन्दै मुख्यसचिव डा अर्याल निलम्बन भएको स्थितिमा उक्त पद रिक्त नभएको अवस्थामा नयाँ मुख्य सचिव नियुक्त गर्न नमिल्ने भएकाले हाल निमित्त मुख्य सचिवबाट काम कारबाही हुने र निकासका लागि विशेष पद सृजना गरिएको बताउनुभयो। उहाँले आगामी निर्णय विशेष अदालतले गर्ने फैसलाबमोजिम हुने उल्लेख गर्दै डा अर्यालको कार्यकालको अवधिभर विशेष पद सृजना गरिएको र उहाँको कार्यकाल सकिएपछि उक्त विशेष पद स्वतः खारेज हुने बताउनुभयो।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : सप्तकोशी नगरपालिका, सप्तरी

## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**बलान बिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**

## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता
डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय, सप्तरी

## तातोहावा 'लु' का असर तथा लक्षण

➢हृदयको गति तीव्र हुने,
➢श्वासप्रश्वास र रक्तचाप कम हुने,
➢शरीरबाट पसिना ननिस्कने,
➢टाउको अत्याधिक दुख्ने,
➢चक्कर लाग्ने, अचेत हुने,
➢१०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
➢छाला सुख्खा, रातो र तातो हुने,
यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*